अनुसुची – २

( दफा ४ तथा अनुसुची – १ को भाग – १सँग सम्बन्धित )

दुर्गाथली गाउँपालिका

# दुर्गाथली राजपत्र


दुर्गाथली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट प्रकाशित

खण्ड ३ संख्या १ मिति २०७७।१२।०२


भाग – २

दुर्गाथली गाउँपालिका

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७७।१०।३०


दुर्गाथली गाउँपालिका

# गाउँ शिक्षक व्यवस्थापन कार्यविधि २०७७

## १.प्रस्तावना

नेपालको संविधानको अनुसुची ८ को क्रमसंख्या ८ मा स्थानीय तहको अधिकार मध्ये आधारभूत तथा माध्यमिक तहको शिक्षाको व्यवस्था रहेको साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २(ज) को उपखण्ड १० मा विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठयसामग्रीको वितरण गर्ने काम, कर्तव्य र अधिकार स्थानीय तहमा रहेको सन्दर्भमा सो उदेश्य पुरा गर्न यस गाउँपालिकामा संचालित केहि विद्यालयहरुमा एउटा पनि दरवन्दी वा राहत नभएको अवस्था रहेको सबैले शिक्षा प्राप्त गर्ने मौलिक हक समेतलाई मध्य नजर गर्दा यी विद्यालयहरुमा समेत गुणस्तरीय शिक्षा प्रदान गर्नु गाउँपालिकाको दायीत्व भित्र पर्ने विषयलाई हृदयङ्गम गरी कुनै पनि शिक्षक दरवन्दी तथा राहत अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुका शिक्षकहरुलाई अनुदान वितरण गरिएकोले महालेखा परीक्षकको परीक्षण प्रतिवेदनमा वेरुजु देखिएकोले सो वेरुजु फर्छ्यौट गर्न दुर्गाथली गाउँपालिकाले गाउँ शिक्षक व्यवस्थापन कार्यविधि २०७७ बनाइ लागु गरिएको छ ।

## २.संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**३.परिभाषा:** विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ सम्झनु पर्छ ।

(ख) "गाउँपालिका" भन्नाले दुर्गाथली गाउँपालिका सम्झनुपर्छ ।

(ग) "वडा" भन्नाले दुर्गाथली गाउँपाकिलको वडा सम्झनुपर्छ।

(घ) " गाउँ शिक्षक व्यवस्थापन " भन्नाले पालिकाले यस कार्यविधि वमोजिम एउटा पनि दरवन्दी वा राहत अनुदान नपाएको विद्यालयको शिक्षक व्यवस्थापन सम्झनुपर्छ ।

## ४.उद्देश्यहरु :

२.१ स्वीकृत दरवन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयको व्यवस्थापन, संचालन र विकासमा सघाउ पु-याउनु ।

२.२ विद्यालयको कमजोर आर्थिक अवस्थालाई मध्यनजर गरी समग्र पक्षको विकासका लागि विद्यालयले प्राथमिकता निर्धारण गरी विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन गर्नु ।

२.३ विद्यार्थीहरुको सर्वपक्षीय विकास र सिकाइ उपलब्धि अभिवृद्धि तथा विद्यालयको आन्तरिक सक्षमता वलियो बनाउनु ।

## ५. लक्ष्य

१. गाउँ क्षेत्रमा संचालित स्वीकृत दरवन्दी र राहत शिक्षक अनुदान प्राप्त नगरेका सम्पूर्ण विद्यालयहरुलाई व्यवस्थित गर्ने ।

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, दौलीचौर, बझाङ, सुदूरपश्चिम प्रदेश, नेपाल २०७४

**६. विद्यालयले पूरा गर्नु पर्ने अनिदार्य सर्तहरु देहाय बमोजिम रहेका छन् :**

विद्यालयले देहायका शर्त / कार्यहरु अनिवार्य रुपमा पूरा गरेको हुनु पर्नेछ ।

१. विद्यार्थी संख्या : शिक्षा नियमावली २०५९ ले तोकेको जम्मा न्यूनतम विद्यार्थी संख्या हुनु पर्ने ।

२. विद्यालय सुधार योजना : प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको शैक्षिक, भौतिक, आर्थिक तथा व्यवस्थापकीय पक्ष सुधारका कार्यक्रम समेटिएको अद्यावधिक विद्यालय सुधार योजना तयार गर्नु पर्नेछ ।

३. लेखापरीक्षण तथा सामाजिक परीक्षण : प्रत्येक विद्यालयले आफ्नो हरेक वर्षको वार्षिक आर्थिक कारोबारको नियमित रुपमा लेखा परीक्षण एवम् विद्यालयको सम्पूर्ण वार्षिक क्रियाकलापहरुको परीक्षण गरी प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ । विद्यालयमा निकासा हुने अनुदान रकमलाई लेखा परीक्षण तथा सामाजिक परीक्षणको प्रतिवेदनसँग आवद्ध बनाइनेछ ।

४. विद्यालयको वार्षिक कार्ययोजना : विद्यालय सुधार योजनाका आधारमा प्रत्येक विद्यालयले आफ्नो लक्ष्य तथा बजेट सहितको वार्षिक कार्ययोजना तयार गर्नु पर्नेछ ।

५. प्रतिवेदन सम्प्रेषण : प्रत्येक विद्यालयले तोकिएका प्रतिवेदनहरु वार्षिक लेखा परीक्षण प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन, चौमासिक प्रतिवेदनहरु तयार गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

६. माध्यमिक तहमा अंग्रेजी, गणित वा विज्ञान विषय, आधारभूत तह (कक्षा १-८ ) मा अंग्रेजी, गणित / विज्ञान विषयको शिक्षक वा विद्यालयको आवश्यकताका आधारमा भर्ना गर्ने र प्राथमिक तहमा आवश्यकता अनुसारको शिक्षक भर्ना गर्नु पर्ने छ । शिक्षक भर्ना गर्ने अनुमतिका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ । उपरोक्तानुसारको तहमा आवश्यक शिक्षक यस अघि नै नियमानुसार निजीस्रोतमा नियुक्त भएको भए विद्यालय व्यवस्थापन समितिले कायरत शिक्षकलाई नै करार गर्न सक्नेछ ।

७ गाउँ शिक्षक व्यवस्थापनका लागि विद्यालयले नियुक्त भएका शिक्षकसँग करार गरी गाउँ कार्यपालिकाले तोकेको प्रोत्साहन रकममा नघटाई उपलब्ध गराउनु पर्नेछ ।

८. शिक्षक नियुक्त गर्दा प्रचलित ऐन ,नियम अनुसारको योग्यता भएको व्यक्तिलाई प्रचलित ऐन, नियम अनुसारको प्रक्रिया पु-याई भर्ना गर्नु पर्नेछ ।

**७. गाउँ स्वयम सेवक शिक्षकको तहगत अनुसार तलबमान देहाय बमोजिम हुनेछ :**

क प्राथमिक तह (१–५) शिक्षकको तलब मासिक रु

ख आधारभूत तह (६–८) शिक्षकको तलब मासिक रु

ग माध्यमिक तह (९–१०) शिक्षकको तलब मासिक रु

घ माध्यमिक तह (११ – १२) शिक्षकको तलव मासिक रु

८.बाधा अड्काउ फुकाउने अधिकार :

यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा यो कार्यविधिमा उल्लेख नभएको विषयका सम्बन्धमा कुनै व्यवस्था गर्न आवश्यक परेमा सम्बन्धित कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

९. खारेजी तथा बचाउ

यो कार्यविधि लागु हुनु भन्दा अगाडी गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ र नलेखिएका कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमाणिकरण मिति : २०७७।१०।३०

आज्ञाले

केशवराज जोशी

प्रमुख प्रशासकीय अधिकृत

## गाउँ शिक्षक ब्यवस्थापन पहिलो संसोधन कार्यविधि,२०८१

कार्यपालिकाबाट स्विकृत मिति-:२०८१।०३।०९

प्रस्तावना: गाउँ शिक्षक ब्यवस्थापन कार्यविधि,२०७७ लाई संसोधन गर्न वाञ्छनिय भएकोले,

स्थनिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरि दुर्गाथली गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "गाउँ शिक्षक ब्यवस्थापन (पहिलो संसोधन) कार्यविधि,२०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. गाउँ शिक्षक ब्यवस्थापन कार्यविधि २०७७ को दफा ६ मा सर्तहरु थप: मुल कार्यविधिको दफा ६ मा देहायको सर्त ९ थपिएको छ-:

(९) बाल विकास सहजकर्ता भर्ना गर्दा महिला उम्मेदवारहरु बिच मात्र प्रतिस्पर्धा गराउनु पर्ने छ तर पहिलो पटक बिज्ञापन गर्दा महिला उम्मेदवारको दरखास्त नपरेमा दोस्रो पटकको बिज्ञापनमा विद्यालयमा कार्यरत शिक्षक, अपाङ्ग, दलित तथा जनजाति पुरुषलाई उम्मेदवार हुन बाधा पर्ने छैन ।